# सिरीजङ्घा गाउँपालिका, तेल्लोक, ताप्लेजुङका उपाध्यक्ष श्री डा. चित्र कुमार लिम्बुज्यूले मिति: २०८३/०३/०९ गते गाउँ सभाको वैठकमा पेश गर्नुभएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट वक्तव्य

## सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ
नेपाल

सिरीजङ्घा गाउँपालिकाको गरिमामय १९ औं वर्षे अधिवेशनको गाउँ सभाका सभाध्यक्ष ज्यू, गाउँ सभा सदस्य ज्यूहरु,
गाउँ सभा सचिव ज्यू,
कर्मचारी साथीहरु,
सुरक्षा निकायका प्रमुख ज्यू,
सन्चारकर्मी ज्यूहरु,
उपस्थित अन्य महानुभावहरु।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नुहुने ज्ञात/अज्ञात सहिदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै, वेपत्ता तथा घाइते पारिएका व्यक्तिहरु प्रति पनि हार्दिक स्मरण गर्न चाहन्छु।

नेपालको संविधान बमोजिम यस सिरीजङ्घा गाउँपालिकाको विगतका कार्यकालहरुमा तयार गरिएका बार्षिक बजेट समेतलाई मध्यनजर गर्दै नेपाल सरकार र प्रदेश सरकारले समेत पुर्वाधार विकासका अतिरिक्त सामाजिक विकास र आर्थिक विकासलाई सम्वोधन गर्ने गरी बार्षिक बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने भनी (दिगो विकास लक्ष्य हासिल गर्न) निर्दिष्ट गरे बमोजिम आगामी आर्थिक वर्षका लागि पुर्वाधार विकासका साथै शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी सिर्जना, वातावरण संरक्षण लगायत विकासका सर्वाङ्गीण क्षेत्रलाई सम्बोधन गर्ने गरी विगतका कार्यक्रमहरुलाई निरन्तरता दिदै र केही नयाँ कार्यक्रमहरु थप गरी सिरीजङ्घा गाउँपालिकाको आगामी वर्षको वार्षिक बजेट तयार गरीएको छ।सिरीजङ्घा गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को चालु खर्च तर्फ ७५.९५ प्रतिशत खर्च, पूँजिगत तर्फ ४६.७ प्रतिशत खर्च गरी कुल ६७.५२ प्रतिशत खर्च रु.४३,०८,९०,०००।- भएको छ ।चालु आ.व. २०८२/०८३ मा संघीय समानिकरण तर्फ रु.१२,७८,००,०००।— बजेट विनियोजन भएकोमा रु.११,६८,७३,१००।— मात्र निकासा भएको हुँदा रु.१,०९,२६,९००।— बजेट कम निकासा भएको छ । संघीय राजस्व बाँडफाँडको तर्फ रु.१०,५२,३९,८६३।— बजेट विनियोजन भएकोमा रु.९,२१,९२,५०१।— मात्र बजेट निकासा भई रु.१,३०,४७,९६२।— बजेट कम निकासा भएको छ ।

चालु आ.व. २०८२/०८३ को प्रदेश राजस्व बाँडफाँड तर्फ रु. ७१,८६,०००।— बजेट विनियोजन भएकोमा रु. ५७,६१,९७३।- मात्र निकासा भई १४,२४,०२७।— रुपैया कम प्राप्त भएको छ ।

अब, आगामी आर्थिक वर्ष २०८३।०८४ को मुख्य मुख्य कार्यक्रमको सार संक्षेप प्रस्तुत गर्न गर्दछु।

**सभाध्यक्ष ज्यू,**

## आर्थिक विकास तर्फः-

१. यस गाउँपालिका क्षेत्र भित्रका कृषकहरुलाई व्यवसायिक बन्न प्रोत्साहन गरि कृषि कर्म गर्नका लागी आवश्यक कृषि सामाग्री पचास प्रतिशत लागत साझेदारीमा वितरण गर्ने व्यवस्था मिलाएको छु ।

२. गाउँपालिकामा कृषि पेशा अवलम्बन गरेका कृषकहरु मध्ये कृषि तर्फ उत्कृष्ट कृषक र पशुपंक्षी तर्फ उत्कृष्ट पशुपंक्षी कृषक सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छु ।

३. "हाम्रो सिरीजङ्घा, सबैको गौरव" भन्ने नाराका साथ खेलकुद र पर्यटन क्षेत्रलाई थप प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु ।

## गाउँसभाका सदस्य ज्यूहरुः

**पर्यटन तथा पूर्वाधार**

१. कन्चनजङ्घा हिमाल तथा साहसिक पदमार्गको विश्वभर प्रचार प्रसार गर्ने उद्देश्यका साथ "कञ्चनजंघा अल्ट्रा म्याराथन" प्रतियोगिता सञ्चालन गरि वार्षिक रुपमा कम्तीमा २५०० जना आन्तरिक तथा वाह्य पर्यटकहरु भित्र्याउने दिर्घकालिन उद्देश्य राखी तेस्रो सिरीजङ्घा पर्यटन महोत्सव सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । उक्त म्याराथन प्रतियोगिता "ओक्ताङ-रामजेर-चैराम-नगर्चा- डुन्डुडाँडा- तुप्लुङ- झण्डेडाँडा- नयाँ झोरेनी -आम्जिखोला -धुपिडाँडा -नेपु- छुमादिन- तेल्लोक" सम्म अन्य संघ/ संस्था/ पर्यटन व्यवसायीहरुको सँगको लागत साझेदारीमा सञ्चालन गर्न बजेट व्यवस्था विनियोजन गरेकोछु ।

२. कन्चनजङ्घा हिमाल जाने साहसिक पदमार्गहरुमा पर्यटन पूर्वाधारहरु निर्माण गर्न नेपाल पर्यटन वोर्डसँगको साझेदारीमा **दिगो पर्यटन विकास कार्यक्रम** सञ्चालन गर्न बजेट व्यवस्था गरेकोछु।

३. तुप्लुङ, रामजेर, ओक्ताङ आदी क्षेत्रमा "टि-सप" स्थापना गर्नको स्थानीय पर्यटन व्यवसायीहरुसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेकोछु ।

४. हप्पखोला, घिमिरेखोला बेलिब्रिज र मामांखे खाक्सेवा खोला मोटरेबल पुल निर्माण कार्यको थालनी गर्नको लागि बजेट विनियोजन गरेको छु ।

५. १० शैय्या अस्पताल भवनको निर्माण कार्य यसै आ.व. मा सम्पन्न गरि सेवा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

६. त्येअङ्सी सिरीजङ्गा सिं थेबे जन्मस्थानलाई पर्यटकीय हबको रुपमा थप प्रचार प्रसार गर्नको लागि बजेट विनियोजन गरेको छु ।

७. मुख्य सडकहरुले छोएको जग्गाका लगत कट्टा गरि सडक कायम गर्नको लागि बजेटको व्यवस्था गरेको छु ।

८. कञ्चनजङ्घा लोकमार्ग अन्तर्गत वडा नं ६ मामाङ्खेको खाक्सेवा खोलामा मोटरेबल पुल निर्माण सम्पन्न गर्न बजेटको व्यवस्था गरेकोछु ।

९. "एक घर एक धारा" कार्यक्रमलाई सार्थक बनाउन सिरीजङ्घा गाउँपालिकाको केन्द्र तेल्लोकमा बृहत खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१०. ३ नं. वडा कार्यालय सिकैंचाको प्रशासकीय भवन निर्माण कार्य क्रमागत रुपमा बढाउन आवश्यक बजेट विनियोजन गरेकोछु।

११. धुलो रहित तेल्लोक बजार निर्माण गर्नको लागि पक्कि सडक निर्माण कार्यलाई तिव्रता दिईनेछ ।

**स्वास्थ्य**

१२. "ज्येष्ठ नागरिकलाई सिरीजङ्घा दन्त उपहार" कार्यक्रमलाई निरन्तर सञ्चालन गर्ने गरिको व्यवस्था मिलाएको छु ।

१३. हाल प्राथमिक स्वास्थ्य केन्द्र तेल्लोकमा कार्यरत एवम् १० शैय्या अस्पताल सञ्चालन भएपछि २४ सै घण्टा सेवा सञ्चालन गर्नको लागि कर्मचारीहरुलाई अतिरिक्त सेवा वापत भत्ता उपलव्ध गराउने व्यवस्था मिलाएको छु ।

१४. प्राथमिक स्वास्थ्य केन्द्रमा नि:शुल्क रुपमा पोष्टमार्टम गर्ने कार्य निरन्तरता दिन आवश्यक वजेट बजेट विनियोजन गरेको छु ।

१५. सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रका ज्येष्ठ नागरिकहरुलाई "गाउँ पिता" र "गाउँ माता"को रुपमा सम्मान गर्ने कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेकोछु।

## शिक्षा तर्फ

१६. विद्यालय तहबाटै खेलकुदका कार्यक्रमहरु सञ्चालन गरि विद्यार्थीहरुलाई अनुशासन, विभिन्न खेल सम्वन्धी सिप तथा क्षमता विकास गर्नको लागि खेल प्रशिक्षक राख्ने कार्यलाई निरन्तरता दिएको छु ।

१७. कक्षा-१ देखि ५ सम्मका विद्यार्थीहरुलाई निःशुल्क रुपमा पोशाक र झोला उपलब्ध गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१८. विद्यालय भवनहरुलाई नयाँ प्रविधियुक्त भौतिक संरचना निर्माण गर्नको लागि विभिन्न संघ संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१९. सामुदायिक विद्यालयहरुलाई डिजिटलाईज गर्नको लागि अति आवश्यकताको आधारमा कम्प्यूटर तथा प्रिन्टर उपलब्ध गर्ने व्यवस्था मिलाएको छु ।

२०. कक्षा – ११ र १२ मा तेल्लोक मा.वि. तेल्लोकबाट लिम्बु भाषाको पठनपाठनलाई निरन्तरता दिएको छु ।

२१. लिम्बु भाषा (आनिपान) को पठन पाठन गरिने कार्यक्रमलाई निरन्तरता दिएकोछु ।

२२. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको छपाई गरि अध्यापन गर्ने व्यवस्था गरेकोछु ।

२३. विद्यार्थीहरु विच प्रतिष्पर्धाको भावना अभिवृद्धि गर्न प्रत्येक वर्षको एस.ई.ई. (SEE) परीक्षा र कक्षा ८ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट GPA ल्याउने एक/एक जना छात्र/छात्रालाई १/१ थान ब्राण्डेड ल्यापटप पुरस्कार प्रदान गर्न बजेटको निरन्तरता दिएकोछु।

२४. आधारभूत शिक्षा उत्तीर्ण (कक्षा ८) परीक्षालाई व्यवस्थित, मर्यादित तथा गुणस्तरियता कायम गर्न परीक्षा केन्द्रलाई केन्द्रिकृत गरी बार्षिक परीक्षा संचालन गरिनेछ।कक्षा ४ देखि कक्षा ९ सम्मका वार्षिक परीक्षा सञ्चालन गर्नको लागि बजेटको व्यवस्था गरेकोछु ।

२५. तेल्लोक मा.वि. र राष्ट्रिय मा.वि. पेदाङको लागि जग्गा प्राप्त गर्न अधिग्रहणको कार्यलाई सम्पन्न गर्न बजेटको व्यवस्था गरेकोछु ।

## युवा तथा खेलकूद, कला साहित्य र मनोरञ्जन

२६. कराँते तथा तेक्वान्दो खेल मार्फत गाउँपालिकाका नागरिकहरुलाई खेल प्रति आकर्षण गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

२७. गाउँपालिकामा रहेका खेलकुद कार्यहरु संचालन गर्न, अभ्यास तथा प्रतिभालाई अझ स्तरउन्नति गर्न **Multipurpose Indoor** बहुउपयोगी कवर्डहलको निर्माण सम्पन्न गर्न बजेटको व्यवस्था गरेकोछु।

### वन तथा वातावरण

२८. गोलिया काठ निकासीलाई करको दायरामा ल्याउन एवं थप व्यवस्थित गर्नको लागि कार्यक्रम ल्याईनेछ ।

२९. विपदको सामना गर्नको लागि विपद व्यवस्थापन कोष एवं अन्य विपदसँग सम्बन्धि कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

अब म सिरीजङ्घा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आय र व्यय यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

**(क) <u>आय तर्फ</u>-**

वित्तिय समानिकरण अनुदान (नेपाल सरकार), राजश्व बाँडफाड (नेपाल सरकार), वित्तिय समानिकरण अनुदान (प्रदेश सरकार), सवारी साधन कर बाँडफाड (प्रदेश सरकार), घरजग्गा रजिष्ट्रेशन बाँडफाँड मालपोत, दहत्तर बहत्तर बाँडफाँड प्रदेश सरकार, आन्तरिक आय (बैंक मौज्दात सहित), सशर्त अनुदान (नेपाल सरकार), सशर्त अनुदान (प्रदेश सरकार), समपुरक अनुदान, विशेष अनुदान, सहितको कूल आय **रु ६० करोड ४२ लाख ०९ हजार ५ सय ४०** रुपैया आय अनुमान गरिएको छ ।

**(ख) <u>व्यय तर्फ</u>-**

**चालु खर्च तर्फ रु ३७ करोड २९ लाख २५ हजार ५ सय पैतालिस रुपैया ।**

**पूँजिगत तर्फ रु २३ करोड १२ लाख ८३ हजार ९ सय ९५ रुपैया ।**

**<u>सभाध्यक्ष ज्यू,</u>**

उपरोक्त बमोजिमको व्यय अनुमानको विषयक्षेत्रगत एवम् सो भित्रका क्रियाकलापगत बजेट बाँडफाँड सहितको सिरीजङ्घा गाउँ कार्यपालिकाको मिति २०८३।०३।०७ गतेको बैठकबाट पारित भई स्वीकृतीका लागि सभा समक्ष पेश भएको **सिरीजङ्घा गाउँपालिकाको विनियोजन विधेयक, २०८३** यस सम्मानित सभा समक्ष स्विकृतीका लागि प्रस्तुत गर्न चाहन्छु।
(विस्तृत विवरण सिरीजङ्घा गाउँपालिकाको विनियोजन विधेयक, २०८३ मा संलग्न छ)
त्यसैगरी सिरीजङ्घा गाउँ कार्यपालिकाको मिति २०८३।०३।०७ गतेको बैठकबाट पारित भई स्वीकृतीका लागि सभा समक्ष पेश भएको **सिरीजङ्घा गाउँपालिकाको आर्थिक विधेयक, २०८३** समेत यस सम्मानित यस सभा समक्ष स्वीकृतीका लागि पेश गर्न चाहन्छु।
(विस्तृत विवरण सिरीजङ्घा गाउँपालिकाको आर्थिक विधेयक, २०८३ मा संलग्न छ)

र, अन्त्यमा, सिरीजङ्घा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तयारीका लागि औपचारिक तथा अनौपचारिक तवरले सहयोग गर्नुहुने सिरीजङ्घा गाउँ कार्यपालिका, सिरीजङ्घा गाउँपालिकाका अध्यक्ष ज्यू, स्थानीय राजस्व परामर्श समिति, स्थानीय बजेट तथा कार्यक्रम तर्जुमा समिति, सबै वडा समिति, सबै विषयगत समिति, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ

कार्यपालिकाको कार्यालयका कर्मचारी परिवार, विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्था, स्थानीय बुद्धिजिवी, समाजसेवी, अग्रज प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै सम्मानित यस सभाबाट आगामी आर्थिक बर्ष २०८३।०८४ को अनुमानित आय र व्यय सहितको वार्षिक बजेट गाउँ सभा समक्ष पेश गर्दछु । धन्यवाद। जय सिरीजङ्घा।

**(डा. चित्र कुमार लिम्वु)**
**उपाध्यक्ष**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**
**९ असार, २०८३**